नेपाली राजदूतावास
ओटावा, क्यानडा
Embassy of Nepal
Ottawa, Canada

**Brampton, Ontario मा कन्सुलर सेवा शिविर सञ्चालन हुने सम्बन्धी अत्यन्त जरुरी सूचना!**

(कृपया पूरा सूचना पढेर मात्र फाराम भर्नुहोला।)

नेपाली राजदूतावास, ओटावाले NRNA Canada, एवम् Greater Toronto Area का स्थानीय नेपाली संघ-संस्थाहरूको सहयोगमा Brampton, Ontario मा देहायको मिति, समय र स्थानमा सो क्षेत्रमा बसोबास गर्ने नेपाली समुदायलाई लक्षित गरी घुम्ती शिविरमार्फत निम्न बमोजिमका कन्सुलर सेवा प्रदान गर्ने कार्यक्रम तय गरेकोले आफूलाई आवश्यक सेवा प्राप्त गर्न राजदूतावास सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछ:

कन्सुलर सेवा शिविर आयोजना हुने मिति, समय र स्थान:

मिति: १३ र १४ जुन २०२६ (दुई दिन)
समय: १३ जुन २०२६- विहान ९:३० बजे देखि साँझ ५:३० बजेसम्म
१४ जुन २०२६- विहान ९:३० बजे देखि अपरान्ह ०२:३० बजेसम्म
स्थान: 120 Clementine Dr., Brampton, ON (L6Y 0L8)

शिविरबाट प्रवाह हुने सेवाहरु:

क) राहदानी नवीकरण (Passport renewal) (**जुलाई २०२७ अगावै राहदानीको बहाल अवधि समाप्त हुने सेवाग्राहीहरूले राहदानी नवीकरण गर्न सक्ने**)
ख) अधिकृत वारेसनामा (Power of Attorney)
ग) कागजात प्रमाणीकरण (Attestation)

सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने प्रक्रिया, आवश्यक कागजात तथा शुल्क

क) राहदानी नवीकरण **(Passport renewal)**

१. राहदानीका लागि आवेदन दिने प्रक्रिया:

- शुरूमा देहायका कागजातहरूको रङ्गिन **.JPEG** स्क्यान गरी तयार राखे:
  - ➢ नेपाली नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको पेज ( वा नाबालक परिचयपत्र),
  - ➢ हालको राहदानीको अगाडिको पेज (फोटो र छाप भएको पेज एउटै पेजमा आउने गरी स्क्यान गर्नुहोस्।)
  - ➢ राहदानीको पछाडिको पेज (निकटतम व्यक्तिको नाम, ठेगाना भएको पेज)
- अनलाइन फाराम भर्नु अघि आफ्नो कम्प्युटर वा ल्यापटप वा मोबाईलको **Date and Time Setting** मा गई **Time Zone "Kathmandu, Nepal" (UTC+05:45)** छनौट गर्ने,
- अनलाइन आवेदनका लागि https://emrtds.nepalpassport.gov.np/ मा जाने,
- Appointment Country मा Other मा गई Appointment Location मा "NE, Ottawa" छनौट गर्ने,

नेपाली राजदूतावास ओटावा

- प्राविधिक कारणले १३-१४ जुन २०२६ को लागि समय उपलब्ध नभएमा **उपलब्ध कुनै पनि मितिको** Appointment लिने, (**Appointment मिति र समय फाराम भर्ने प्रयोजनको लागि मात्र हो। शिविरमा सेवा प्रवाह गर्दा First Come First Served को आधारमा हुनेछ।**)
- फाराम भर्दा बीचको नाम पहिलो नाम सँगै लेख्ने (उदाहरणको लागि राम प्रसाद सापकोटा लेख्नु पर्दा राम प्रसाद First Name मा र सापकोटा surname मा लेख्ने) र नागरिकता नम्बर वा नाबालक परिचयपत्र नम्बर उल्लेख गर्नु पर्दा / वा — जस्ता चिन्ह नराखी लगातार अङ्क मात्र राख्ने,
- फाराम भर्दा माथि उल्लेख भएबमोजिम रङ्गिन स्क्यान गरिएका नागरिकता प्रमाणपत्र वा नाबालक परिचयपत्रका दुवै पेज, राहदानीको फोटो र छाप भएको एवम् निकटतम व्यक्तिको नाम ठेगाना भएको दुवै पेज अनिवार्य Upload गर्ने,
- Appointment Date and Time छनौट गरी सम्पूर्ण विवरण भरिसकेपछि अन्त्यमा बारकोडसहितको PDF फाराम Download गरी Print गर्ने। (डाउनलोड गरिएको फारामको दायाँपट्टि छेउमा र Bottom मा बारकोड रहेको देख्न सकिनेछ।)
- उक्त बारकोडसहितको फारामको PDF copy र हालको राहदानी, नागरिकता वा नाबालक परिचयपत्र र क्यानडाको Visa, PR, Work/Study Permit को स्क्यान attach गरी १० जुन २०२६ अगावै Verification का लागि दूतावासको इमेल nepal.epp@gmail.com मा पठाउने, कृपया email को Subject मा आफ्नो नाम-Brampton लेख्नुहोला। (उदाहरणका लागि Ram Thapa–Brampton)

**(फाराम Verify नगरी निवेदकले भरेको Data Retrieve गर्न नसकिने र सो नभई Biometrics लिन नसकिने भएकोले फारामलाई Verification को लागि अनिवार्यरूपमा दूतावासको इमेल (nepal.epp@gmail.com) मा पठाउनु पर्नेछ। आवेदन Approve भएको जानकारी १२ जुन २०२६ पश्चात् मात्र प्राप्त हुनेछ।)**

- डाउनलोड गरिएको बारकोडसहितको PDF फारामको प्रिन्ट प्रति तथा अन्य आवश्यक कागजातसहित आवेदक स्वयम् शिविरमा उपस्थित हुनुपर्ने।

## २. आवश्यक कागजातहरू:

- अनलाइन फाराम भरेपछि डाउनलोड गरिएको बारकोडसहितको .pdf फारामको प्रिन्टेड प्रति,
- नागरिकता प्रमाणपत्रको स्पष्ट प्रतिलिपि तथा नाबालकको हकमा नाबालक परिचयपत्र तथा बाबु-आमाको नागरिकता, राहदानी र विवाह दर्ताको प्रमाणपत्र तथा सोको प्रतिलिपिहरू,
- हालको राहदानीको सक्कल तथा प्रतिलिपि,
- क्यानडाको status paper को सक्कल र प्रतिलिपि (Visa, PR, Work/Study Permit),

## ३. राहदानी आवेदन सम्बन्धी अन्य महत्त्वपूर्ण जानकारी:

- साधारण राहदानी शुल्क क्यानेडियन डलर २२० र हराएको वा बिग्रिएको हकमा क्या. ड. ३३० लाग्नेछ। तर, १० वर्ष भन्दा मुनिका नाबालकको हकमा क्या. ड. ११० र नाबालकको राहदानी हराएको वा बिग्रिएको हकमा क्या. ड. १६५ लाग्नेछ।
- राहदानी शुल्क डेबिट कार्डबाट भुक्तानी गर्न सकिने वा Embassy of Nepal, Ottawa को नामको Money Order/Bank Draft ल्याउनुपर्ने। **नगद स्वीकार्य नहुने।**

- राहदानीका लागि फोटो ल्याउनु नपर्ने।

**ख) अधिकृत वारेसनामा (Power of Attorney)**

आवश्यक कागजात र अन्य जानकारी

- कानुन व्यवसायीले नेपाली कागजमा तयार गरेको लिखत तथा आवेदन,
- अधिकृत वारेसनामा दिनेको नेपाली नागरिकता प्रमाणपत्र वा राहदानीको सक्कल र सोको प्रतिलिपि,
- वारेसनामा लिनेको नागरिकताको प्रमाणित प्रतिलिपि,
- वारेस लिने र दिने दुवैको हालसालै खिचिएको दुई/दुई प्रति फोटो,
- क्यानडाको status paper को सक्कल र प्रतिलिपि (Visa, PR, Work/Study Permit),
- जुन प्रयोजनका लागि अधिकृत वारेसनामा दिने हो सो सम्बन्धी सक्कल वा प्रमाणित कागजात, जस्तै- जग्गा बेच-बिखनको हकमा लालपुर्जाको सक्कल वा प्रतिलिपि, कर तिरेको रसिद वा सोको प्रमाणित प्रतिलिपि, सम्बन्ध विच्छेदका लागि विवाह दर्ताको सक्कल वा सोको प्रमाणित प्रतिलिपि, साक्षीहरूको नागरिकताको प्रतिलिपि।
- आफ्नो ठेगाना लेखिएको फिर्ती खाम। (Self-addressed prepaid return envelope with tracking number)
- अधिकृत वारेसनामा शुल्क क्यानेडियन डलर ५० लाग्नेछ। (रकम डेबिट कार्डबाट भुक्तानी गर्न सकिने वा Embassy of Nepal, Ottawa को नामको Money Order/Bank Draft ल्याउनुपर्ने। नगद स्वीकार्य नहुने।)
- वारेसनामा दिने व्यक्ति स्वयम् उपस्थित हुनुपर्ने एवम् गैर आवासीय नेपाली नागरिकलाई यो सेवा प्रदान गरिने छैन।

**ग) कागजात प्रमाणीकरण (Attestation)**

नेपालका सम्बद्ध निकायहरूबाट जारी भएका तथा नेपाल सरकार, परराष्ट्र मन्त्रालय, कन्सुलर सेवा विभागबाट प्रमाणित गरिएका शैक्षिक प्रमाणपत्र, नाता प्रमाणपत्र, विवाह दर्ता प्रमाणपत्र, जन्म दर्ता, मृत्यु दर्ता जस्ता कागजात प्रमाणीकरणका लागि शिविरमा लिई आउन सकिनेछ।

**आवश्यक कागजात तथा अन्य जानकारी:**

- शिविरमा उपलब्ध हुने आवेदन फाराम हुनेछ।
- कागजातको सक्कल र प्रतिलिपि तथा नेपाली राहदानी वा नागरिकताको प्रतिलिपि
- प्रति कागजात क्यानेडियन डलर ७० (रकम डेबिट कार्डबाट भुक्तानी गर्न सकिने वा Embassy of Nepal, Ottawa को नामको Money Order/Bank Draft ल्याउनुपर्ने। नगद स्वीकार्य नहुने।)

थप जानकारी आवश्यक भएमा (Tel: 613 680 5513/613 314 7089 वा email: nepal.epp@gmail.com) मा सम्पर्क गर्नुहुन अनुरोध छ।

नेपाली राजदूतावास
ओटावा, क्यानडा।

११ मे २०२६